त्रि.वि. ब्रोसरको नेपाली रूपान्तर

**रूपान्तरकर्ता**
कर्णाखर खतिवडा
उप-प्राध्यापक
भाषाविज्ञान केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
९८४१११५९१८
karnakhatiwada@gmail.com

**त्रिभुवन विश्वविद्यालय**
कीर्तिपुर, काठमाडौं, नेपाल
२०११/२०१२

**परिचय**

वि.सं. २०१६ मा स्थापना भएको त्रिभुवन विश्वविद्यालय उच्च शिक्षामा समर्पित नेपालकै अग्रणी शैक्षिक संस्था हो । राजा त्रिभुवनका नामबाट यस संस्थाको नामकरण गरिएको छ । सन् २००९ मा स्वर्ण जयन्ती सम्पन्न गरिएको यस संस्थाको ५३ वर्षको इतिहास छ । काठमाडौंको केन्द्रबाट पाँच किलोमिटरको दुरीमा पर्ने प्राचीन नगरी कीर्तिपुरमा यो विश्वविद्यालय अवस्थित छ । ऐतिहासिक जनआन्दोलन २ को भावना तथा अन्तरिम संविधान २०६३ मा व्यवस्था गरिए अनुसार नेपालका प्रधानमन्त्रीले विश्वविद्यालयको कुलपतिका हैसियतमा र शिक्षामन्त्रीले सहकुलपतिका रूपमा कार्य गर्दछन् । विश्वविद्यालयको कार्यकारी प्रमुखका रूपमा रहने उपकुलपतिलाई प्राज्ञिक कार्यक्रमहरूमा शिक्षाध्यक्षले र सामान्य प्रशासन तथा आर्थिक व्यवस्थापनमा रजिष्ट्रारले सहयोग गर्दछन् ।

गैर नाफामुखी स्वायत्त संस्थाका रूपमा रहेको त्रिभुवन विश्वविद्यालयको सञ्चालनमा नेपाल सरकारको मुख्य लगानी तथा स्वामित्व रहेको छ ।

**त्रि.वि.का प्रमुख उद्देश्य**

- नेपालको सर्वाङ्गीण विकासका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्नु,
- राष्ट्रका ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र विकास गर्नु,
- ज्ञानको सञ्चयन, विकास र विस्तार गर्नु
- मानविकी, विज्ञान, चिकित्साशास्त्र, इन्जिनियरिङ, कृषि, व्यवस्थापन, शिक्षा तथा व्यावसायिक क्षेत्रमा अनुसन्धान गर्न प्रोत्साहन तथा प्रवर्द्धन गर्नु,

**त्रि.वि. का परिषद्हरू**

विश्वविद्यालयका मुख्य निर्णायक निकायका रूपमा कार्य गर्ने निम्नलिखित पाँचवटा एकाइ रहेका छन् :

- ***विश्वविद्यालय सभा*** : यो सभा विश्व विद्यालय सञ्चालनका लागि आवश्यक नीति निर्धारण, वार्षिक बजेट तर्जुमा तथा नियम कानुन निर्माण गर्ने सर्वोच्च र निर्णायक निकाय हो । यो सभा ५२ सदस्यीय हुन्छ ।
- ***कार्यकारी परिषद्*** : कार्यकारी परिषद्ले विश्वविद्यालय सञ्चालन सम्बन्धी त्रि.वि. सभाले गरेका निर्णयहरूलाई कार्यान्वयन गर्दछ । निजी क्याम्पसहरूलाई दिइने अनुदान तथा सम्बन्धन र विश्वविद्यालयका पदाधिकारीको नियुक्तिबारे निर्णय गर्ने कार्यकारी परिषद्मा सात जना सदस्य हुन्छन् ।
- ***प्राज्ञिक परिषद्*** : प्राज्ञिक परिषद्ले पाठ्यक्रम, शिक्षण, अनुसन्धान तथा परीक्षा सञ्चालनका विषयमा नीति निर्माण तथा निर्णय गर्ने कार्य गर्दछ । यस परिषद्मा ५० जना सदस्य हुन्छन् ।
- **अनुसन्धान समन्वय परिषद्** (Research co-ordination council) : ले विश्वविद्यालयका अनुसन्धानात्मक क्रियाकलापबारे नीति निर्माण गर्ने, अनुसन्धाताहरूका लागि मार्गनिर्देशिका (guidelines) स्वीकृत गर्ने र विश्वविद्यालय स्तरका अनुसन्धान केन्द्रहरूका बीचमा समन्वय गर्ने कार्य गर्दछ । अनुसन्धान समन्वय परिषद्को सचिवालयका रूपमा रहेको अनुसन्धान विभागले त्रि.वि.जर्नल, रिसर्च बुलेटिन र तथ्याङ्क बुलेटिन प्रकाशित गर्दछ । यसबाहेक परिषद्ले विश्वविद्यालयका शिक्षकहरूमार्फत लघु अनुसन्धान सञ्चालन गर्दछ ।
- ***योजना परिषद्*** : योजना परिषद्ले योजना (अल्पकालीन तथा दीर्घकालीन) तर्जुमाका क्रममा सल्लाहकारको भूमिका निर्वाह गर्नुका साथै वार्षिक कार्यक्रमको निर्माण, मूल्याङ्कन तथा कार्यान्वयन गर्दछ । यस अन्तर्गत २९ जना सदस्य हुन्छन् ।

**प्राज्ञिक कार्यक्रम :**

वि.सं.२०६६ (सन् २००९) मा सम्पन्न स्वर्णजयन्ती वर्षका अवसरमा त्रिभुवन विश्वविद्यालयले थुप्रै कार्यक्रहरूको आयोजना गऱ्यो । स्थापनाको ५२ औं जयन्तीका अवसरमा विश्वविद्यालय परिवारका सदस्यहरू यस संस्थालाई गुणस्तरीय शिक्षाको स्रोतका रूपमा विकास गर्दै राष्ट्रमा र विश्वमै प्राज्ञिक संस्कृतिको स्थापना गर्न दृढसङ्कल्पित छन् । सरकारी स्वामित्वमा रहेको यस विश्वविद्यालयले ५२ वर्ष लामो यात्राका क्रममा विभिन्न विषय-क्षेत्रमा आफ्ना कार्यक्रमहरूको विस्तार गरिसकेको छ । विश्वविद्यालय अन्तर्गत सञ्चालित पाँचवटा प्राविधिक अध्ययन संस्थान तथा ४ वटा साधारण सङ्कायहरूले प्रवीणता प्रमाणपत्र तहमा ११५, स्नातक तहमा १०७९ र स्नातकोत्तर तहमा १००० वटा पाठ्यवस्तुको पठनपाठन गराउँछन् । वर्तमान अवस्थामा यस विश्वविद्यालयमा स्नातकपूर्वदेखि विद्यावारिधिसम्मका २२०० भन्दा बढी पाठ्यवस्तुको पठनपाठन गराइँदै आएको छ ।

वि.सं. २०३७ (सन् १९८०) भन्दा अघिसम्म त्रिभुवन विश्वविद्यालयले आफ्ना आङ्गिक क्याम्पसहरूमार्फत मात्र शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने गरेको थियो । त्रि.वि.मा अध्ययन गर्न चाहने विद्यार्थीहरूको सङ्ख्या बढ्दै गएर आङ्गिक क्याम्पसहरूले मात्र राज्यको शैक्षिक माग पूरा गर्न नसक्ने देखिएपछि  निजी क्षेत्रमा समेत क्याम्पसहरू स्थापना गर्नुपर्ने आवश्यकता महसुस गरियो । त्यसैले २०३६/०३७ (सन् १९७९/०८०) बाट विश्वविद्यालयले निजी क्याम्पसहरूलाई विभिन्न विषय र तहका शैक्षिक कार्यक्रम सञ्चालनका लागि सम्बन्धन प्रदान गर्न थाल्यो । हालसम्ममा देशका विभिन्न भागमा रहेका ८२६ वटा निजी क्याम्पसहरू त्रि.वि.बाट सम्बन्धन प्राप्त गरी सञ्चालित छन् । शैक्षिक सत्र ०६७/०६८ (सन् २०११/२०१२) मा मात्र त्रि.वि.द्वारा सञ्चालित विभिन्न तहका शैक्षिक कार्यक्रमहरूमा कुल ३,८९,४६० विद्यार्थीहरू भर्ना भएका  छन् । तीमध्ये ४०.९३% ( १,५९,३९४) विद्यार्थीहरू विश्वविद्यालयकै  ६० वटा आङ्गिक क्याम्पस र ३८ वटा केन्द्रीय विभाग अन्तर्गत र ५९.०७% (२,३०,०६६) विद्यार्थीहरू ८२६ वटा सम्बन्धन प्राप्त क्याम्पसहरूमा अध्ययनरत छन् ।

त्रिभुवन विश्वविद्यालयमा ७८४१ जना शिक्षक तथा आङ्गिक क्याम्पसका सहायक स्तरका कर्मचारीसमेत गरी ७८१३ जना कर्मचारीहरू रहेका छन् ।

**प्राविधिक अध्ययन संस्थान** (Technical Institutes)

त्रिभुवन विश्वविद्यालय अन्तर्गत ५ वटा प्राविधिक अध्ययन संस्थानहरू छन् । प्रत्येक संस्थानका प्रमुखका रूपमा डिन रहेका हुन्छन् । संस्थानहरूको सामान्य परिचय यहाँ प्रस्तुत छ :

**विज्ञान तथा प्रविधि अध्ययन संस्थान** [Institute of science and technology (IOST)]

विद्यार्थी भर्ना तथा विज्ञान विषयक कार्यक्रमहरू सञ्चालन गर्ने क्याम्पसहरूको सङ्ख्याका आधारमा विज्ञान तथा प्रविधि अध्ययन संस्थान सबैभन्दा ठुला र पुराना प्राविधिक संस्थानहरूमध्ये एक हो । मुलुकले उच्च तहमा विज्ञान विषयको पठन पाठन गर्न प्रारम्भ गरेको साढे आठ दशक भइसकेको छ । बी. एस्सी, बी.एस्सी सीएसआइटी, बी.एस्सी टीटीएम (चिया प्रविधि र व्यवस्थापन), बी.टेक, एम. एस्सी, एम एस्सी सीएसआइटी, एम. टेक. जस्ता स्नातक तथा स्नातकोत्तर तहका र पी.एच.डी. उपाधिका लागि समेत यस अध्ययन संस्थान अन्तर्गत विद्यार्थी भर्ना गरिन्छ । विश्वविद्यालय क्याम्पस, कीर्तिपुरमा यस अध्ययन संस्थान अन्तर्गतका १३ वटा केन्द्रीय विभागहरू रहेका छन् ।
सन् १९७५ मा स्थापना भएको प्राकृतिक विज्ञान सङ्ग्रहालयले नेपालको प्राकृतिक इतिहासको सुरक्षा गर्नुका साथै अध्ययन संस्थानसँग सम्बन्धित वैज्ञानिक, शिक्षक, विद्यार्थी तथा सरोकारवाला अन्य विद्वान्हरूका लागि अनुसन्धान तथा शैक्षणिक केन्द्रका रूपमा सहयोग पुऱ्याउँछ । यस सङ्ग्रहालयमा ५५००० वटा जैविक नमुना, १०० वटा अस्थिपञ्जर, केही छालाका नमुना, जीवावशेष, चट्टान, खनिज, प्लास्टिक र माटाका आकृति तथा विजय स्मारकहरू (trophies) रहेका छन् ।

**इन्जिनियरिङ् अध्ययन संस्थान** (IOE)

यस संस्थानले सिभिल, कम्प्युटर, आर्किटेक्चर, मेकानिक्स, इलेक्ट्रिकल, इलेक्टोनिक्स, रेफ्रिजेरेसन तथा एअर कन्डिसनिङ् एवं अटोमोबाइल इन्जिनियरिङ् विषयका डिप्लोमा तहका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दछ । साथै, सिभिल, कम्प्युटर, आर्किटेक्चर, मेकानिकल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स, कम्युनिकेसन इन्जिनियरिङ्, इन्डस्ट्रियल इन्जिनियरिङ् र एग्रीकल्चर इन्जिनियरिङ् विषयका बी. ई.तहका कार्यक्रमहरूसमेत सञ्चालन गर्दछ । उच्च शिक्षाको अभिन्न अङ्गका रूपमा यस

अध्ययन संस्थानले सहरी योजना, संरचनात्मक जलस्रोत, नवीकरणीय ऊर्जा, सूचना तथा सञ्चार, पावर सिष्टम, प्रविधि तथा नव प्रवर्तन व्यवस्थापन, ट्रान्स्पोर्टेसन इन्जिनियरिङ्, जिओ टेक्निकल इन्जिनियरिङ्, इन्भाइरोनमेन्ट इन्जिनियरिङ, सस्टेनेवल वाटर स्यानिटेसन, हेल्थ एन्ड डेभ्लप्मेन्ट आदि विषयका स्नातकोत्तर तहका कार्यक्रमहरूका साथै पी.एच.डी. कार्यक्रम समेत सञ्चालन गरेको छ । (थप जानकारीका लागि www.ioe.edu.np हेर्नुहोला) ।

**चिकित्सा शास्त्र अध्ययन संस्थान** (IOM)

यस अध्ययन संस्थानले प्रवीणता प्रमाण पत्र तहदेखि स्नातकोत्तर तहसम्मका स्वास्थ्य विज्ञान विषयक विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दछ । यस संस्थान अन्तर्गत प्रवीणता प्रमाण पत्र तह नर्सिङ् का साथै स्नातक तहका ११ वटा (एमबीबीएस, बीडीएस, बीएएमएस, बी.ओप्टोम, बी.एस्सी नर्सिङ्, बी एन, बीपीएच, बी.फार्मेसी, बीएमएलटी, बीएस्सी एमआइटी र बीएएसएलपी) कार्यक्रमहरू सञ्चालित छन् । त्यस्तै स्नातकोत्तर तहका २५ वटा (एम.डी. इन्टर्नल मेडिसिन, एमएस जनरल सर्जरी, एमजी ओबीएस एन्ड गाइने., एमडी प्याथोलोजी, एमएस इएनटी, एम डी एनेस्थेसियोलोजी, एमडी ओप्थाल्मोलोजी, एमडी प्याडियाट्रिक्स, एमडी साइकीयाट्री, एमएस ओर्थोपेडिक्स, एमडी रेडियो डाइग्नोसिस, एमडी जनरल प्याक्टिस, एम डी डर्माटोलोजी, एमडी सिएल एनाटोमी, एमडी सिएल फिजियोलोजी, एमडी सिएल फर्माकोलोजी, एमडी माइक्रोबायोलोजी, एमडी बायोकेमिस्ट्रि, एमडी फोरेन्सिक मेडिसिन, एम.एस्सी.एमएलटी, एम.एस्सी.सीएल.बायोकेमिस्ट्री, एमएन डब्ल्युएचडी, एमएन अडल्ट, एमएन पीएइडी र एमपीएच) । त्यस्तै चिअसले डी.एम.कार्डियोलोजी, डी.एम.नेफ्रोलोजी, डी.एम.न्युरोलोज र डी.एम.ग्यास्ट्रोलोजी जस्ता चारवटा डी.एम.कार्यक्रम सञ्चालन गर्दछ । एम.फिल. तहका ६वटा (एम. फील. सीएल साइकोलोजी, एम.सीएच.जीआइएस सर्जरी, एम.सीएच. सीभीएस सर्जरी, एम. सीएच. युरो सर्जरी, एम. सीएच.न्युरो सर्जरी तथा एम. सीएच.प्लास्टिक सर्जरी) एमडीएस तहका चारवटा कार्यक्रम ( एमडीएस प्रोस्थोडोन्टिक्स तथा म्याक्सिओ फेसियल सर्जरी, एमडीएस पिरियोडोन्टिक्स एन्ड इम्प्लाटोलोजी, एमडीएस कन्जर्भेटिभ डेन्टिस्ट्री एन्ड इन्डोनेटिक्स तथा एमडीएस ओर्थोडोन्टिक्स एन्ड डेन्टोफेसियल ) तथा पी.एच.डी. तहका तीनवटा (नर्सिङ्, माइक्रो बायोलोजी तथा पब्लिक हेल्थ) कार्यक्रम समेत यस संस्थान अन्तर्गत सञ्चालित छन् ।
(विस्तृत जानकारीका लागि www.iom.edu.np हेर्नुहोला) ।

**वन विज्ञान अध्ययन संस्थान** (IOF)

स्नातक तहका विद्यार्थीहरूलाई उच्च तहको तालिम प्रदान गर्ने, प्राकृतिक साधन स्रोतको संरक्षण र व्यवस्थापन गर्ने, वन विज्ञान विषयमा अनुसन्धान गराउने र नेपालका लागि उपयुक्त हुने खालको वन प्रविधिको विकास गर्ने उद्देश्यले यस संस्थानको स्थापना भएको हो । यस अध्ययन संस्थानले निम्नलिखित शैक्षिक कार्यक्रम सञ्चालन गर्दछ :

- प्राविधिक प्रवीणता प्रमाणपत्र तह कार्यक्रम
- बी.एस्सी (वन विज्ञान)
- एम.एस्सी (वन विज्ञान)
- एम.एस्सी [जलप्रवाह (watershed) व्यवस्थापन]
- एम. एस्सी (प्राकृतिक स्रोत व्यवस्थापन तथा ग्रामीण विकास)
- विद्यावारिधि (पीएच.डी) वन विज्ञान

**कृषि तथा पशु विज्ञान अध्ययन संस्थान** (IAAS)

यो कृषि तथा पशु विज्ञान सम्बन्धी उच्च स्तरीय जनशक्ति विकास गर्ने मुलुककै एक मात्र अध्ययन संस्थान हो । यस अध्ययन संस्थानको मुख्य उद्देश्य नेपालको कृषि क्षेत्रमा स्थापित तथा तात्कालिक आवश्यकतालाई सन्तुलित गर्ने खालका प्राज्ञिक कार्यक्रम निर्माण तथा कार्यान्वयन गर्नु हो । त्यसबाहेक यस अध्ययन संस्थानको उद्देश्य समग्र मुलुकको कृषि क्षेत्रको सर्वाङ्गीण विकासका लागि निर्देशन, अनुसन्धान र प्रविधि विस्तार गर्नु हो ।
यस संस्थानले निम्नलिखित शैक्षिक कार्यक्रमहरू सञ्चालन गरेको छ ।

- कृषि विज्ञान स्नातक (बीएस्सी एजी, ४बर्से कार्यक्रम)
- ब्याचलर अफ भेटेरिनरी साइन्स एन्ड एनिमल हस्बेन्डरी (बी.भी.एस्सी र ए.एच., पाँचवर्षे कार्यक्रम)
- कृषि विज्ञान स्नातकोत्तर (एम. एस्सी.एग्री.दुई वर्षे कार्यक्रम)

- पशु विज्ञान (एम.एस्सी. एनिमल साइन्स)
- भेटेरीनरी साइन्स (एम.भी.एस्सी)
- अक्वाकल्चर (एम.एस्सी. अक्वाकल्चर) प्रत्येक विषयमा दुई वर्षे कार्यक्रम
- विद्यावारिधि (हर्टीकल्चर, इन्टोमोलोजी तथा एनिमल साइन्स),
- हाल कृषि तथा पशु विज्ञान विषयका विभिन्न १५ क्षेत्रमा स्नातकोत्तर (एम.एस्सी.) कार्यक्रम सञ्चालन भइरहेका । (विस्तृत जानकारीका लागि www.iaas.edu.np हेर्नुहोला ।

**त्रि.वि.का सङ्कायहरू**

त्रिभुवन विश्वविद्यालय अन्तर्गत डीनको नेतृत्वमा रहेका ४ वटा सङ्कायहरू छन् :

**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**

मासाशासंको प्रमुख उद्देश्य मानविकी तथा सामाजिक शास्त्रका मौलिक तथा प्रायोगिक क्षेत्रमा तालिम प्राप्त, विशिष्ट र दक्ष जनशक्ति तयार गर्नु हो । वर्तमानमा यस सङ्काय अन्तर्गत ३० वटा आङ्गिक तथा लगभग ३०० वटा सम्बन्धन प्राप्त क्याम्पसहरू रहेका छन् । डीन कार्यालयले ती क्याम्पसहरूलाई शैक्षिक प्राज्ञिक सहायता गर्ने काम गर्दछ । यस सङ्काय अन्तर्गत विभिन्न विषयका २१ वटा केन्द्रीय विभागहरू रहेका छन् । ती हुन् : बौद्ध अध्ययन, संस्कृति, अर्थशास्त्र, अङ्ग्रेजी, भूगोल, हिन्दी, ललित कला, इतिहास, गृह विज्ञान, पत्रकारिता, पुस्तकालय विज्ञान, भाषाविज्ञान, मैथिली, नेपाली, नेपाल भाषा, राजनीतिशास्त्र, जनसङ्ख्या अध्ययन, मनोविज्ञान, ग्रामीण विकास, संस्कृत तथा समाजशास्त्र/मानवशास्त्र । यस बाहेक सन् २००७ बाट द्वन्द्व शान्ति र विकास अध्ययन (CPDS) विषयमा स्नातकोत्तर तहको कार्यक्रम प्रारम्भ गरिएको छ । नृत्य, चलचित्र अध्ययन, अन्तर्राष्ट्रिय भाषा, दर्शन, सामाजिक सेवा (Social work), तथा उर्दु जस्ता ६ वटा विषयको स्नातक तहको मात्र पठन पाठन भइरहेको छ । माथि उल्लेख गरिएका विषयहरूबाहेक विज्ञान तथा प्रविधि अध्ययन संस्थानको सहयोगमा गणित तथा तथ्याङ्कशास्त्र विषयको स्नातक तथा स्नातकोत्तर तहको समेत पठनपाठन हुँदै आएको छ । अनुसन्धान विधि सम्बन्धी कार्यक्रम समेत सञ्चालन गर्ने यस सङ्कायले एम.फिल.(कतिपय विषयमा) तथा पी.एच.डी. अनुसन्धानका लागि सुपरीवेक्षकको समेत व्यवस्था गर्ने गर्दछ ।

**व्यवस्थापन सङ्काय**

यस सङ्कायको उद्देश्य विद्यार्थीहरूलाई व्यापार, उद्योग तथा सरकारी निकायमा रोजगारीको अवसर प्राप्त गर्न योग्य बनाउने व्यावसायिक ज्ञान तथा सिप प्रदान गर्नु हो । व्यापार तथा जन प्रशासन जस्ता विषयको ज्ञान तथा समझदारी बृद्धिमा यो सङ्काय समर्पित छ । यस अभियानमा नयाँ सिप, प्रविधि तथा व्यापार व्यवस्थापन तथा जन सरोकारका विषयमा उच्च तहको दक्षता बृद्धिका लागि व्यवस्थापनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग सम्बन्ध विकास गर्न यस सङ्कायले प्रयास गर्दछ । नेपालमा लागत कम लाग्ने, सामाजिक दृष्टिले सान्दर्भिक तथा आधुनिक प्रविधिमा आधारित व्यवस्थापन विषयक शैक्षिक कार्यक्रमहरूलाई निरन्तर प्रवर्धन र विकास गर्ने लक्ष्य समेत यस सङ्कायको रहेको छ ।

व्यवस्थापन सङ्काय अन्तर्गत ब्याचलर अफ बिजनेस स्टडिज (बीबीएस), ब्याचलर अफ बिजनेस एडमिनिस्ट्रेसन (बीबीए), ब्याचलर अफ ट्र्यावल एन्ड टुरिज्म म्यानेजमेन्ट (बीटीटीएम), ब्याचलर अफ होटल म्यानेजमेन्ट (बीएचएम), ब्याचलर अफ इन्फोर्मेसन म्यानेजमेन्ट (बीआइएम), पोस्ट ग्रयाजुएट डिप्लोमा इन पुलिस साइन्स (पीजीडीपीएस), मास्टर अफ बिजनेस स्टडिज (एमबीएस), मास्टर अफ बिजनेस एडमिनिस्ट्रेसन (एमबीए), मास्टर अफ पब्लिक एडमिनिस्ट्रेसन (एमपीए), मास्टर अफ ट्राभल एन्ड टुरिज्म मेनेजमेन्ट (एमटीटीएम), मास्टर अफ होस्पिटालिटी मेनेजमेन्ट (एमएचएम) तथा मास्टर अफ फिलोसोफी (एम.फिल.) जस्ता कार्यक्रम सञ्चालित छन् । यस सङ्कायले व्यवस्थापन विषयमा विद्यावारिधि (पीएच.डी.) को उपाधि समेत प्रदान गर्दै आएको छ ।

यस सङ्काय अन्तर्गत एउटा विद्या परिषद् (Faculty Board), १० वटा विषय समितिहरू तथा एउटा अनुसन्धान समिति रहेका छन् । त्यस्तै यस सङ्काय अन्तर्गत दुईवटा केन्द्रीय विभागहरू रहेका छन् ।

विभागीय शिक्षक/प्राध्यापकहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यस सङ्कायले नियमित रूपमा निम्नलिखित कार्यक्रमहरूको आयोजना गर्ने गर्दछ ।

- विभागका शिक्षक/प्राध्यापकहरूका बीचमा तथा सम्बन्धित क्षेत्रका विषय विशेषज्ञ र शिक्षक/प्राध्यापकहरूका बीचमा नियमित अन्तर्क्रिया,
- लघु अनुसन्धान कार्यक्रम, मिसिल लेखन (Case writing), तथा प्रशासनिक कार्यशाला गोष्ठी
- शैक्षणिक तथा अध्ययन/अध्यापनसँग सम्बन्धित क्रियाकलापका विषयमा शिक्षक/ प्राध्यापकहरूलाई अभिमुखीकरण

**कानुन सङ्काय**

यस सङ्कायको मुख्य उद्देश्य राष्ट्रका लागि आवश्यक कानुन व्यवसायीहरूको आपूर्तिका लागि मध्यम तथा उच्चस्तरीय जनशक्ति उत्पादन गर्नु हो । कानुन सङ्काय अन्तर्गत निम्नलिखित शैक्षिक/प्राज्ञिक कार्यक्रमहरू सञ्चालित छन् :

- एल.एल.बी (कानुन स्नातक)
- बी.ए. एल.एल.बी (कला स्नातक कानुन स्नातक)
- एल.एल.एम. (कानुन स्नातकोत्तर)
- पिएच.डी (कानुन विषयमा विद्यावारिधि)

अर्धवार्षिक रूपमा (bi-annual) 'नेपाल ल रिभ्यु' नामक अनुसन्धानमूलक जर्नल प्रकाशित गर्ने यस सङ्काय अन्तर्गत आभ्यासिक कानुन व्यावसायी, सरकारी निकायका कानुन अधिकृतहरू तथा कानुन शिक्षकहरूका बीचमा नियमित रूपमा अन्तक्रिया कार्यक्रम सञ्चालन गर्ने गरिन्छ । स्नातकोत्तर तहका विद्यार्थी तथा शिक्षकहरूका लागि लघु अनुसन्धान कार्यक्रम पनि सञ्चालन गरिन्छ । कानुन सङ्काय अन्तर्गत एउटा केन्द्रीय विभाग तथा चारवटा अनुसन्धान केन्द्रहरू रहेका छन् । ती हुन् :

- मानव अधिकार केन्द्र
- वातावरणीय कानुन केन्द्र
- कानुनी सहायता केन्द्र
- शरणार्थी कानुन केन्द्र

नियमित रूपमा सेमिनार तथा सम्भाषण कार्यक्रम (talk program) आयोजना गर्ने यी केन्द्रहरूको नोटिङ्गम विश्वविद्यालय (बेलायत) को *मानव अधिकार कानुन केन्द्र* तथा वासिङ्टन विश्वविद्यालय (सेन्ट लुइस, अमेरिका) को *कानुनमा सामाजिक नीति*जस्ता कार्यक्रमसँग साझेदारी रहेको छ ।

**शिक्षाशास्त्र सङ्काय**

राज्यका लागि आवश्यक दक्ष शिक्षक, शिक्षाविद्, शिक्षा योजनाकार, सुपरीवेक्षक, पाठ्यक्रम निर्माता तथा शैक्षिक प्रशासकहरूको उत्पादन गर्नु शिक्षाशास्त्र सङ्कायको प्रमुख उद्देश्य हो । यस सङ्कायले साधारण तथा व्यावसायिक गरी दुई किसिमका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने गर्दछ । सङ्काय अन्तर्गत एउटा केन्द्रीय विभाग रहेको छ । साधारण शिक्षातर्फ यस सङ्कायले हाल तीनबर्से स्नातक शिक्षा (बी.एड.), एक बर्से स्नातक शिक्षा तथा दुई बर्से स्नातकोत्तर शिक्षा (एम.एड.) जस्ता कार्यक्रमहरू सञ्चालन गरेको छ । त्यसैगरी यस सङ्कायअन्तर्गत एम.फिल. तथा पीएच.डी. कार्यक्रम पनि सञ्चालित छन् । यस सङ्काय अन्तर्गत प्रारम्भिक बाल्यावस्थाको विकास, प्राथमिक शिक्षा, भूगोल शिक्षा, इतिहास शिक्षा, अर्थशास्त्र शिक्षा, राजनीतिशास्त्र शिक्षा, स्वास्थ्य र शारीरिक शिक्षा, अङ्ग्रेजी भाषा शिक्षा, नेपाली भाषा शिक्षा, गणित शिक्षा, कम्प्युटर विज्ञान शिक्षा, विज्ञान शिक्षा, पाठ्यक्रम र मूल्याङ्कन तथा शैक्षिक योजना व्यवस्थापन जस्ता विषयलाई स्नातक तथा स्नातकोत्तर तहमा मूल विषयका रूपमा पठन पाठन गराइँदै आएको छ । भर्खरै मात्र भूगोल शिक्षा विभागले भौगोलिक सूचना व्यवस्था Geographical Information System (GIS) र Remote Sensing (RS) जस्ता विषयको पठनपाठन प्रारम्भ गरेको छ । शैक्षिक सत्र २०६७ देखि स्नातक तहमा सूचना तथा सञ्चार प्रविधि शिक्षा (ICTE) को पठनपाठन समेत प्रारम्भ गरिएको छ ।

**त्रि.वि.अन्तर्गतका अनुसन्धान केन्द्रहरू**

त्रिभुवन विश्वविद्यालय अन्तर्गत चारवटा अनुसन्धान केन्द्रहरू छन् । केन्द्र प्रमुखका रूपमा कार्यकारी निर्देशक रहने व्यवस्था रहेको छ ।

**१.आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र (CEDA)**

यस केन्द्रले राष्ट्रिय विकास रणनीतिमा योगदान पुग्ने खालको नीतिगत अनुसन्धान केन्द्रका रूपमा कार्य गर्दै आएको छ । केन्द्रका गतिविधिहरू मूलतः अनुसन्धान, परामर्श सेवा तथा तालिम कार्यक्रमतर्फ लक्ष्यित छन् । यस केन्द्रबाट प्रकाशित हुने सामग्रीहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूले उपयोग गरिरहेका छन् ।

**२.नेपाल र एसियाली अनुसन्धान केन्द्र (CNAS)**

सिनासको प्रमुख उद्देश्य अनुसन्धानका माध्यमबाट नेपाल तथा एसियाली अध्ययनलाई प्रोत्साहित गर्नु हो । यस केन्द्रले नेपाल, एसियाली तथा अन्य देशहरूबारे अध्ययन गर्ने विद्वान्हरूलाई सहयोग गर्ने उद्देश्यले अभिलेखीकरण केन्द्रको समेत स्थापना गरेको छ ।

**३. व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र (RECAST)**

देशकै अग्रणी अनुसन्धान तथा विकास (R and D) संस्थानका रूपमा रहेको व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र स्थानीय प्रविधिको पहिचान, विकास, प्रयोग र प्रचार प्रसार गर्ने र प्रविधि हस्तान्तरणमा सहयोग गर्नुका साथै वैदेशिक प्रविधिलाई नेपालको माटो सुहाउने गरी अनुकूलन गर्ने अधिकार प्राप्त संस्था हो ।

पुनर्नवीकरणीय ऊर्जा, प्राकृतिक उपजको उपयोग, जैविक प्रविधि, खाद्य प्रविधि, निर्माण सामग्री तथा उपयुक्त प्रविधि आदि केन्द्रले मुख्य जोड दिएका अनुसन्धान तथा विकाससम्बन्धी विषय हुन् ।

यस केन्द्रले विभिन्न अनुसन्धान परियोजना सञ्चालन गर्नुका साथै प्रारूप निर्माण गर्ने, परामर्श तथा विशेषज्ञ सेवा उपलब्ध गराउने र आफ्नै प्रयोगशालाहरूमा उपकरणीय तथा विश्लेषणात्मक सेवा प्रदान गर्ने गर्दछ । केन्द्रले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सेमिनार/कार्यशाला आयोजना गर्दछ । त्रि.वि.का विभिन्न केन्द्रीय विभागमा अध्ययनरत स्नातकोत्तर तहका विद्यार्थीहरूलाई अनुसन्धान प्रयोजनका लागि प्रयोगशाला उपलब्ध गराउने काम समेत यस केन्द्रले गर्दछ ।

व्याविप्रअकेलाई UNESCAP अन्तर्गतको प्रविधि हस्तान्तरणका लागि एसिया प्यासिफिक केन्द्र (APCTT) को राष्ट्रिय केन्द्र (Focal Point) का रूपमा समेत मनोनीत गरिएको छ ।

**४. शिक्षा विकास तथा अनुसन्धान केन्द्र (CERID)**

यस केन्द्रका प्रमुख उद्देश्यहरू यस प्रकार छन् :

- विद्यालय शिक्षा तथा उच्च शिक्षाका विभिन्न उपयोगी पक्षमा अनुसन्धानात्मक क्रियाकलाप सञ्चालन गर्नु
- शिक्षालाई विकाससँग जोड्ने हेतुले क्रियात्मक अनुसन्धान (action research) सम्पन्न गर्नु
- अनुसन्धानमा आधारित तथा व्यावसायिक विकास क्रियाकलापसँग सम्बन्धित तालिम कार्यक्रम सञ्चालन गर्नु
- सेमिनार/कार्यशालाको आयोजना एवं अनुसन्धान प्रतिवेदन तथा जर्नल प्रकाशित गरी अनुभव तथा सूचना प्रवाहित गर्नु

केन्द्रका गतिविधि अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन, शैक्षिक सूचना व्यवस्था, शिक्षाका वैकल्पिक स्वरूप, माध्यमिक शिक्षा प्रारम्भिक बाल्यावस्थाको विकास, प्रारम्भिक शिक्षा, उच्च शिक्षा तथा लैङ्गिक शिक्षा आदि समेटिएका छन् ।

**अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्र (CIR)**

त्रिभुवन विश्वविद्यालय र अन्य विदेशी शैक्षिक संस्थाहरूका बीच पारस्परिक समझदारी तथा मैत्री कायम गर्ने उद्देश्यले सन् १९९८ मा अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रको स्थापना भएको हो । यस केन्द्रले ज्ञान तथा सीपको आदान प्रदान गर्नुका साथै विश्वभरिका शैक्षिक संस्थाहरूसँग सहयोगमूलक सम्बन्ध स्थापना गर्दछ । यस केन्द्रले त्रिभुवन विश्वविद्यालयलाई उत्कृष्टताको केन्द्र (Centre of excellence) का रूपमा विकास गर्न शैक्षिक गतिविधि, अनुसन्धान तथा मानव संशाधनको

विकासका लागि अन्तर्राष्ट्रिय क्षेत्रका विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूसँग प्राज्ञिक सम्बन्ध स्थापना र विकास गर्ने उद्देश्य लिएको छ। यस केन्द्रले मुख्यतः निम्नलिखित कार्यहरू गर्दछ :

- सहयोगमूलक आदान प्रदान कार्यक्रमको आयोजना गर्नु; द्विपक्षीय तथा बहुपक्षीय अन्तर्राष्ट्रिय सम्झौताहरूको अनुगमन तथा मूल्याङ्कन गर्नु र आवश्यक सहयोग उपलब्ध गराउनु
- विद्यार्थी एवं शिक्षक आदान प्रदान कार्यक्रमलाई सहयोग पुऱ्याउनका लागि पदस्थापन र सम्बन्धन प्रक्रियामा सहजकर्ताको भूमिका निर्वाह गर्नु; शैक्षिक सूचना, अनुसन्धान तथा भिसासम्बन्धी औपचारिकता पूरा गर्न सहयोग गर्नु
- अन्तर्राष्ट्रिय स्तरका सेमिनार तथा सम्मेलन आयोजना गर्नु र प्रकाशित सामग्रीहरू आदान प्रदान गर्नु
- विदेशी अनुसन्धाताहरूलाई त्रि.वि.सँग सम्बन्धन गराउन सहयोग गर्नु

**अन्तर्राष्ट्रिय विद्यार्थी तथा अनुसन्धाताहरू**

त्रिभुवन विश्वविद्यालय धेरै अघिदेखि नै विदेशी विद्यार्थीहरूका लागि आकर्षणको केन्द्र बनिआएको छ। नेपालको भौगोलिक, सामाजिक, सांस्कृतिक तथा भाषिक समृद्धिका कारण विदेशी विद्यार्थी तथा अनुसन्धाताहरू नेपालप्रति आकर्षित हुने गरेका हुन् । हरेक वर्ष विदेशी विद्यार्थीहरूको सङ्ख्या बढ्दै गएको छ । त्रि.वि.मा अध्ययन गर्न आउने कतिपय विद्यार्थीहरू विश्वविद्यालयको नियमित पठनपाठन (पूर्ण वा आंशिक) मा सहभागी हुन्छन् भने कतिपय विद्यार्थीहरू अनुसन्धानको उपाधि लिने वा नलिने गरी सहभागी हुन्छन् । त्यस्तै कतिपय अनुसन्धाताहरू उनीहरूले अध्ययन गर्दै गरेको विश्वविद्यालयबाट उपाधि प्राप्त गर्ने गरी नेपालमा अनुसन्धान गर्न आउँछन् । खासगरी भारत, चीन, दक्षिण कोरिया, माल्दिभ्स, श्रीलङ्का, जापान, बेलायत र अमेरिकाबाट विद्यार्थीहरू आउने र भाषा संस्कृति, समाजशास्त्र, चिकित्साशास्त्र, इन्जिनियरिङ् जस्ता विषयको अध्ययन अनुसन्धान गर्ने गर्दछन् ।

सामान्यतया त्रि.वि.मा ३ किसिमका विदेशी विद्यार्थीहरू आउने गरेका छन् : (१) आफ्नै खर्चमा पढ्न आउने (२) कुनै संस्थामार्फत विद्वत् वृत्ति प्राप्त गरी आउने र (३) त्रि.वि. र सम्बन्धित देशका विश्वविद्यालय वा अध्ययन संस्थानबीच द्विपक्षीय विद्यार्थी आदान प्रदान सम्झौता भएअनुसार आउने । यस्ता विदेशी विद्यार्थीहरूलाई अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रमार्फत सहयोग प्रदान गरिन्छ । केन्द्रले केही विदेशी विद्यार्थी तथा अनुसन्धाताहरूलाई त्रि.वि.कै हाताभित्र रहेको छात्राबासमा सामान्य शुल्क लिएर आवासको समेत व्यवस्था गर्ने गर्दछ ।

**पाठ्यक्रम विकास केन्द्र (CDC)**

सन् १९७३ मा स्थापना भएको पाठ्यक्रम विकास केन्द्रको मुख्य काम त्रि.वि.मा पठनपाठन हुने अनिवार्य विषयको पाठ्यक्रम निर्माण गर्नु हो । सन् १९९३ को संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम अनुसार यस केन्द्रको पुनर्गठन गरिएको छ । पाविकेको प्रमुखका रूपमा कार्यकारी निर्देशक रहने व्यवस्था रहेको छ । पाविके अन्तर्गत सम्बन्धित विषयका शिक्षकहरूमध्येबाट छनौट गरिएका अध्यक्षले अध्यक्षता गर्ने दुईवटा विषय समितिहरू रहन्छन् । सम्बन्धित विषयको पाठ्यक्रमलाई परिमार्जन गर्ने, अनुगमन गर्ने र मूल्याङ्कन गर्ने जिम्मेवारी विषय समितिको हुन्छ । विषय समितिको सहयोगमा पाठ्यक्रम विकास केन्द्रले पाठ्यक्रम निर्माण गर्नुका साथै ती पाठ्यक्रमहरूलाई उपयुक्त किसिमबाट लागु गर्नका लागि सेमिनार, अभिमुखीकरण गोष्ठी तथा कार्यशालाको समेत आयोजना गर्ने गर्दछ । पाविकेले शिक्षकहरूलाई गुणस्तरीय पाठ्यपुस्तक तयार गर्न समेत प्रोत्साहित गर्दछ । त्यसैगरी पाविकेले त्रि.वि.को समान स्तर निर्धारणको सचिवालयका रूपमा कार्य गर्दछ । यस बोर्डले विदेशी विश्वविद्यालयबाट आर्जन गरिएका शैक्षिक योग्यताका प्रमाणपत्रवाहकहरूलाई समान स्तर निर्धारण प्रमाण पत्र प्रदान गर्छ । त्रि.वि.ले सन् २००४को अक्टोबरदेखि पाविकेका कार्यकारी निर्देशकका अध्यक्षतामा त्रि.वि.का शिक्षक तथा कर्मचारीहरूका शैक्षिक योग्यताका प्रमाणपत्र छानबीनका लागि एउटा छानबीन समिति गठन गरेको छ।

पाठ्यक्रम विकास केन्द्रबाट वार्षिक रूपमा **पाठ्यक्रम विकास पत्रिका** नामक जर्नल पनि प्रकाशित हुन्छ । त्यसैगरी पाविकेले त्रि.वि.का पाठ्यक्रम तथा नीति नियमसम्बन्धी पुस्तिका प्रकाशन तथा बिक्री वितरण गर्ने गर्दछ । पाविकेको आवश्यक सन्दर्भ सामग्रीले सम्पन्न पुस्तकालयसमेत रहेको छ ।

## परीक्षा नियन्त्रण कार्यालय (OCOE)

त्रिभुवन विश्वविद्यालयको विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई नियन्त्रण तथा सञ्चालन गर्नु परीक्षा नियन्त्रण कार्यालयको प्रमुख जिम्मेवारी हो । परीक्षा नियन्त्रण कार्यालयले मूलतः निम्न कार्यहरू गर्ने गर्दछ ।

- विश्वविद्यालयका सबै तहको परीक्षा सञ्चालन गर्नु
- परीक्षाको स्तर कायम राख्नु
- परीक्षाफल प्रकाशित गर्नु
- मार्कसिट, ट्रान्सक्रिप्ट तथा प्रमाणपत्र वितरण गर्नु
- स्नातक,स्नातकोत्तर, एम. फिल. तथा विद्यावारिधि तहका विद्यार्थीहरूलाई दीक्षित गर्नका लागि दीक्षान्त समारोह आयोजना गरी प्रमाण पत्र प्रदान गर्नु
- स्वदेश तथा विदेशमा ख्याति कमाएका विशिष्ट विद्वान्हरूलाई मानार्थ उपाधि प्रदान गर्नका लागि विशेष दीक्षान्त समारोहको आयोजना गर्नु
- विश्वविद्यालयको शैक्षिक क्यालेन्डर प्रकाशित गर्नु
- परीक्षासँग सम्बन्धित सबै तथ्याङ्कलाई व्यवस्थित र सुरक्षित राख्नु

## दीक्षान्त समारोह

त्रिभुवन विश्वविद्यालयले नियमित तथा विशेष गरी दुई प्रकारका दीक्षान्त समारोह गर्ने गरेको छ । स्नातक, स्नातकोत्तर, एम. फिल. तथा विद्यावारिधि तहका विद्यार्थीहरूलाई दीक्षित गर्नका लागि प्रत्येक वर्ष साधारण दीक्षान्त समारोह आयोजना गरिन्छ । यस्तो समारोहमा ख्यातिप्राप्त स्वदेशी वा विदेशी विद्वान्ले सम्बोधन गर्दछन् । त्यसैगरी स्वदेश तथा विदेशमा ख्याति कमाएका विशिष्ट व्यक्तित्वहरूलाई विशेष दीक्षान्त समारोहमार्फत मानार्थ उपाधिले विभूषित गर्ने गरिन्छ ।

## सूचना शाखा

उपकुलपतिको कार्यालय अन्तर्गत रहेको सूचना शाखा विश्वविद्यालयसँग सम्बन्धित शैक्षिक, प्राज्ञिक तथा प्रशासनिक गतिविधि र सूचना सार्वजनिक गर्ने आधिकारिक निकाय हो ।

यस शाखाले त्रि.वि. मासिक बुलेटिन, विशेष बुलेटिन, टी.यु. टुडे, त्रि.वि. परिचय पुस्तिका (brochure), त्रि.वि. भित्ते पात्रो तथा त्रि.वि. टेलिफोन डाइरेक्ट्री, महत्वपूर्ण तस्वीरहरू तथा श्रव्य-दृश्य सामग्रीहरू प्रकाशित गर्दछ ।

## विद्यार्थी भर्ना

विद्यार्थीहरूको संस्थान/सङ्कायगत वितरण

(आङ्गिक क्याम्पसहरूको मात्र)

**शैक्षिक सत्र २०६७/२०६८**

| | | |
|---|---|---|
| विज्ञान तथा प्रविधि | १२१३९ | ७.६२ % |
| इन्जिनियरिङ् | ५५९८ | ३.५१ % |
| चिकित्साशास्त्र | २०२७ | १.२७ % |
| वन विज्ञान | ५५४ | ०.३५% |
| कृषि तथा पशु विज्ञान | ११०१ | ०.६९% |
| कानुन | ४०१९ | २.५२% |
| व्यवस्थापन | ३८२४४ | २३.९९% |
| मानविकी तथा सामाजिक शास्त्र | ४९२५४ | ३०.९०% |
| शिक्षाशास्त्र | ४६४५८ | २९.१५% |
| कुल | १५९३९४ | १००% |

त्रिभुवन विश्वविद्यालय
सूचना शाखा
कीर्तिपुर, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३३०३४६

E-mail : tuinformation@yahoo.com
info@tribhuvan-university.edu.np
Web site: tribhuvan-university.edu.np